# चामुण्डाविन्द्रासैनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

जम्वुकाँध, दैलेख,
कणाली प्रदेश, नेपाल

पत्र संख्या : ०७४/०७५
चलानी नं. १३६१

मिति : २०७५/०२/३०

# सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय दैलेखवाट मिति २०७५/०२/२२ गतेको पत्र संख्या ०७४/७५ चलानी नं.२६३८ को लागु औषध अपराध र मदिरा नियन्त्रण सम्बन्धि कार्ययोजना २०७४को प्रतिलिपि सहितको प्राप्त पत्र तथा चामुण्डा विन्द्रासैनी नगरकार्यपालिकाको मिति २०७५ साल जेष्ठ २९ गतेको निर्णय नं. १ बमोजिम लागु औषध अपराध र मदिरा नियन्त्रण सम्बन्धि कार्यविधि एक महिना भित्र बनाई लागु गर्ने निर्णय अनुसार उक्त कार्यविधि लागु नहुँदा सम्म गृह प्रशासन सुधार कार्ययोजना-२०७४अनुसार यस नगरपालिकाको क्षेत्रभित्र समाजमा शान्ति शुव्यवस्था कायम गर्न, समाजमा रहेका विभिन्न किसिमका विकृति, विसंगति र दण्डहिनताको अन्तय गर्ने कार्यमा लागु औषध र मदिरा वाधकको रुपमा रहेको महसुस गर्दै यसको खुल्ला प्रयोगले राष्ट्रले समेत ठूलो क्षेति वेहोर्नु परेको विषयलाइई मध्यनजर गर्दै , देशको अमुल्य जनशक्ति युवा पिंढि लागु औषध दुर्व्यशनको चपेटामा पर्न गई राष्ट्रले अझ ठुलो क्षेति वेहोर्नुपर्ने कुराको महसुस गर्दै चामुण्डा विन्द्रासैनी नगरपालिकाको कुनै पनि क्षेत्रभित्र आज मिति २०७५ साल जेष्ठ ३० गते देखि लागु हुने गरी लागु पदार्थ ओसार पसार गर्न, प्रयोग गर्न, घरेलु मदिरा उत्पादनमा निषेध, सबै बजार पसल हरुमा कुनै पनि खाले मदिरा वेचविखन गर्न, आयात गर्न, घरेलु मदिरा उत्पादनमा प्रयोग हुने खम्विरा को वेचविखनमा निषेध र सार्वजनिक स्थलमा मदिरा सेवन गरी होहल्ला मच्चाउने कार्यमा रोक लगाईएको छ । साथै यस नगरपालिकाको क्षेत्र भित्र क्यारमवोर्ड खेल्ने खेलाउने, जुवा तास खेल्ने खेलाउने, तास बेचविखन समेत गर्ने कार्य गर्न पाइने छैन । मिति २०७५ साल असार ११ गते भित्र यस नगरपालिकाका सबै महानुभाव हरुमा घरेलु मदिरा उत्पादन गर्न प्रयोग हुने सामाग्रीहरु, सबै पसल होटेल हरुमा भएको अवैध मदिरा, घरेलु मदिरा उत्पादनमा प्रयोग हुने खम्विरा, लागु औषध पदार्थ लगायत नेपाल कानूनले तोकेका कुनैपनि अवैध लागु औषध सम्वन्धि पदार्थ हरु नजिकको प्रहरी कार्यालय तथा वडा कार्यालयहरुमा बुझाइ सहयोग गरिदिनुहुन सम्पूण महानुभावहरुमा हार्दिक अनुरोध गरिन्छ । यदी तोकिएको समय भित्र उक्त कार्य नगरी पछि अनुसन्धान तथा छापा मार्दा भेटिएमा कानूनबमोजिम कडा कार्वाही हुने करा यसै सुचना मार्फत जानकारी गराईन्छ ।

.................................
प्रकाश विक्रम शाही
नि. प्रमुख प्रशासकीय अधिकृत

(नि.प्रमुख प्रशासकिय अधिकृत)